नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १६२

मितिः २०८२/०८/०९

नेपाल संवत् ११४६

विषयः- जानकारी सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

आन्तरिक राजश्व विभागको पं.सं. २०८२/०८३, च.नं. ५७, मिति २०८२/०८/०७ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०७/१७ को निर्णयानुसार करदातासेवा कार्यालयहरु खारेज भई साविक करदाता सेवा कार्यालयले सम्पादन गर्दै आएका कार्यहरु कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय तहहरु मार्फत सम्पादन हुने गरी निर्णय भएको उल्लेख भई आएको हुँदा उक्त पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री आन्तरिक राजश्व विभाग, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

प.सं.२०८२/८३
च.नं. २७

मितिः २०८२/०८/०७

विषयः- जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

श्रीमान् सचिव (राजस्व)ज्यू,
अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

उपर्युक्त विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०७/१७ को निर्णयानुसार यस विभाग अन्तर्गतका सबै करदाता सेवा कार्यालयहरु खारेज भएको हुँदा उक्त कार्यालयहरुबाट सम्पादन हुँदै आएका कार्यहरु सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय पालिकाहरुबाट सम्पादन हुने गरी निर्णय भएको हुँदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्वन्धित पालिकाहरुसँग समन्वय गरिदिनुहुन अनुरोध छ ।

.........................
(मदन दहाल)
महानिर्देशक

वोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

"कर प्रणालीको सार, लगानीको आधार"
फोन नं. नीति विश्लेषण महाशाखाः४४१५९६९, संचालन महाशाखाः४४१५८०१, अन्तःशुल्क महाशाखाः४४३९७९०, सुचना प्रविधि महाशाखाः४४२२११२ हटलाईनः ४४१५८०२, ४४१५८०३, ४४१९७१९ एक्सटेन्सन २१६ फ्याक्सः ४४११७८८
Website:http://www.ird.gov.np